# ६ पत्रुसको सेवाकार्य

*__यस अध्यायका मूल पदहरू__*: प्रेरित ९:३२-४३, प्रेरित १०:९-१६, एफिसी २:११-१९, प्रेरित ११:१-२६ र प्रेरित १२:१-१३।

*__यस अध्यायको मूल सार पदः__* **"अनि पत्रुसले तिनीहरूलाई बोल्न थाले, "परमेश्वरले कसैलाई पक्षपात गर्नुहुन्न भनेर देखाउनुभएको म साँच्चिक्कै बुझ्दछु। तर प्रत्येक देशमा रहने जो कोही पनि परमेश्वरमा श्रद्धा राख्छ र जे ठीक छ त्यही गर्नेलाई परमेश्वरले ग्रहण गर्नुहुन्छ।" (प्रेरित १०:३४,३५ रूपान्तरित)।**

जब पावल टार्ससमा गए, सुरूको चर्चको विवरणमा मुख्य पात्र फेरि पत्रुस भएको लूकाले प्रस्तुत गर्दछन्। पत्रुस घुमफिर गरेर प्रभुको सेवाकार्य गर्ने व्यक्तिको रूपमा चित्रण गरिएको छ। तर उनी केवल यहूदिया र त्यस क्षेत्रका वरिपरि प्रभुको निम्ति काम गर्ने व्यक्ति भनेर देखाइएको छ। प्रेरितको पुस्तकमा दुई छोटो आश्चर्यकामको कथा उल्लेख गरिएको छ। उनले हनियासलाई निको पार्दछन् र तबिथा वा डोरकासलाई जीवित बनाउँछन्। त्यसपछि अध्याय १०मा रोम सरकारको सैनिक हाकिम कर्नेलियसको कथा उल्लेख गरिएको छ।

यहूदीहरूको पृष्टभूमिमा आएका सुरूको चर्चको विश्वासीहरूले एक ठूलो बिबादको सामना गर्नुपरेको थियो। येशूको सुसमाचार केवल यहूदी जातिहरूको निम्ति मात्रै हो भनेर येशूका चेलाहरू र सुरूका विश्वासीहरूले ठानेका थिए। त्यसकारण अरू जाति वा अयहूदीहरूलाई सुसमाचार सुनाउनुहुन्छ वा हुँदैन भन्ने विषयमा तिनीहरूको बीचमा ठूलो बिवाद चलेको थियो। पवित्र आत्मा खनिएतापनि, पेन्टिकोस्टको समयमा जे भयो त्यसको स्मरण भइरहेतापनि र कर्नेलियसको बप्तिस्मा भएतापनि यहूदी जातबाट बाहिर रहेका जातिहरू वा तिनीहरूले म्लेच्छ भनेर कहलाउने जातिहरूलाई सुसमाचारको लागि योग्य छैनन् भन्ने तिनीहरूको दिमागमा घुसेको थियो। तैपनि प्रेरित र अरू बिश्वासीहरूबीच यस विषयमा भारी छलफल हुँदा माथि उल्लेख गरिएका घट्नालाई समीक्षा गर्न पुगेका थिए। येशूको सुसमाचार र उहाँबाट पाइने आशिष केवल यहूदीहरूमा मात्र सिमित नरहेको भनेर अन्तमा

तिनीहरूले निष्कर्ष निकाले। फेरि त्यही समयमा आन्टिओकमा अयहूदी वा अन्य जातिहरूको बीचमा सुमाचारको काम द्रुतगतिले चलिरहेको थियो।

पावलको सतावट रोकिएपछि केही समय आराम पाएका चेलाहरूले राजा हेरोदले दिएको सतावटको प्रभाव तिनीहरूमा कस्तो थियो भनेर अरू विवरणसहित त्यो पनि यस अध्यायको अध्ययन विषय हुनेछ।

## १. लिडिया र जोप्पामा

समुद्रको किनारामा रहेको यहूदिया क्षेत्रमा रहेका इसाई झुण्डहरूकहाँ पत्रुस सङ्गति दिन गइरहेका थिए। तिनीहरूलाई शिक्षादीक्षा दिने उद्देश्यले (प्रेरित २:४२) त्यस क्षेत्रमा गएतापनि परमेश्वरले पत्रुसमार्फत एक उल्लेखनीय प्रभावशाली काम गर्नु भएको थियो। येशूले गर्नु भएको काम जस्तै पत्रुसले गर्न पुगेका थिए।

**येशूले लूका ५:१७-२६मा उल्लेख गरिए अनुसार एक पक्षघातीलाई निको पार्नुभएको जस्तै पत्रुसले पनि एनियासलाई कसरी निको पारे? हेर्नुहोस्, प्रेरित ९:३२-३५ "३२ पत्रुस यताउता सबै ठाउँमा यात्रा गर्दै लुद्दामा भएका सन्तहरूकहाँ पनि आइपुगे। ३३ तिनले त्यहाँ एनियास नाउँको कोही एक जना मानिसलाई भेट्टाए, जो आठ वर्षदेखि पक्षाघातको रोगले ओछ्यानमा पड़िरहेको थियो। ३४ पत्रुसले त्यसलाई भने, "ए एनियास, येशू ख्रीष्टले तिमीलाई निको पार्नुहुन्छ। उठ, र तिम्रो ओछ्यान मिलाऊ।" अनि त्यो तुरुन्तै उठिहाल्यो। ३५ लुद्दा र शारोनमा बस्ने जति सबै जनाले त्यसलाई देखेर प्रभुतिर फर्के।"**

पत्रुसले एननियासलाई अचम्म तरिकाले निको पारेको वयान छोटो रूपमा प्रस्तुत गरिएतापनि त्यसले कपर्नुममा येशूले गर्नुभएको कामलाई याद दिलाउँछ। हेर्नुहोस् लूका ५:१७-२६ "१७ एक दिन उहाँ शिक्षा दिइरहनुहुँदा गालील र यहूदियाको हरेक गाउँ र यरूशलेमबाट आएका फरिसीहरू र शास्त्रीहरू नजिकै बसिरहेका थिए। परमप्रभुको निको पार्ने शक्ति उहाँसँग थियो। १८ मानिसहरूले एउटा पक्षाघाती मानिसलाई खाटमा ल्याए, र तिनीहरूले त्यसलाई भित्र ल्याउन र उहाँको अगाडि राखिदिन खोजे। १९ तर भीड़ले गर्दा त्यसलाई भित्र लैजाने केही बाटो नपाएर तिनीहरू छतमाथि चढ़े, र तिनीहरूले झिँगटी हटाएर त्यसलाई खाटैसमेत येशूको सामुन्ने ओरालिदिए। २० अनि उहाँले तिनीहरूको विश्वास देखेर भन्नुभयो, "ए मानिस, तिम्रा पाप क्षमा भयो।" २१ तब शास्त्रीहरू र फरिसीहरूले प्रश्न गर्न लागे, "ईश्वर-निन्दा गर्ने यो को हो? पाप त परमेश्वरले मात्र क्षमा गर्न सक्नुहुन्छ।" दुवै वयानमा

ओछ्यान उल्लेख गरिएको छ। अझ महत्त्वपूर्ण बयान त पत्रुसले गरेको एननियासको चङ्गाई हो। यसले लुड्डामामात्रै होइन समुद्रको किनारामा रहेको शारोन भन्ने क्षेत्रमा पनि पत्रुसको कामको ठूलो प्रभाव परेको थियो। जब पत्रुसले आश्चर्य काम गरे तब त्यसको वास्तविक प्रभाव यस्तो थियो कि कसैले पनि परमेश्वरको काम होइन भन्न सकेनन्। त्यसको फलस्वरुप धेरै मानिसहरू येशूलाई विश्वास गर्न पुगे।

प्रेरित ९:३६-४३मा तबिथा भन्ने एक विधवालाई मरेकोबाट उठाइएको बारेमा लेखिएको छ। त्यस कथाको विशेषता के हो? हेर्नुहोस्, "३६ योप्पा नगरमा तबीता, अर्थात् डोरकास (हरिणी) भन्ने एउटी शिष्य थिइन्। तिनी असल काम गर्न र दान दिनमा लागिरहन्थिन्। ३७ ती दिनमा तिनी बिरामी भइन् र तिनको मृत्यु भयो, र मानिसहरूले नुहाइदिएर तिनलाई माथिल्लो तलाको एउटा कोठामा राखे। ३८ लुड्डा योप्पाको नजिक भएको हुनाले, चेलाहरूले पत्रुस त्यहाँ छन् भन्ने सुनेर तिनीकहाँ दुई जना मानिसलाई यस्तो बिन्ती गर्न पठाए, “हामीकहाँ ढिलो नगरी आउनुहोस्।” ३९ तब पत्रुस उठेर तिनीहरूसँग गए। त्यहाँ पुगेपछि तिनीहरूले तिनलाई माथिल्लो कोठामा लगे। विधवाहरू सबै तिनको नजिक उभिएर रुन लागे, र डोरकास तिनीहरूसँग हुँदा तिनले बनाइराखेका पोशाक र अरू वस्त्रहरू देखाए। ४० तर पत्रुसले तिनीहरू सबैलाई बाहिर पठाएर घुँडा टेके अनि प्रार्थना गरे, र त्यस लाशतिर फर्केर भने, “तबीता, उठ!” अनि तिनले आँखा उघारिन्, र पत्रुसलाई देखी उठेर बसिन्। ४१ उनले तिनलाई आफ्ना हातले समाती जुरुक्कै उठाए, अनि सन्तहरू र विधवाहरूलाई बोलाएर तिनलाई जीवित प्रस्तुत गरे। ४२ अब यो कुरा सारा योप्पाभरि जाहेर भयो, र धेरैले प्रभुमा विश्वास गरे। ४३ अनि तिनी निकै दिनसम्म एक जना सिमोन भन्ने चर्मकारसँग योप्पामा बसे।"

हिब्रू भाषाको तबिता भन्ने शब्दको अर्थ ग्रीक भाषामा हरिण हो। डोरकास येशूका विश्वासी थिइन्। उनको इसाई चरित्रले गर्दा उनलाई सबैले मनपराउथें। उनी रहेको घरगाउँमा उनी सबैको प्यारी थिइन्। पत्रुसले उनी मरेकोबाट उठाउने बयान पनि येशूको जस्तै देखिएको छ। उहाँले यहूदी धर्मसभागृहको नाइके याइरसको छोरीलाई बौरि उठाउनुभएको थियो (लूका ८:४१-५६)। त्यसको प्रत्यक्षदर्शी पत्रुस थिए। मरेको डोरकासलाई नुहाइधुवाइ गरेर लुगा लगाएर कोठामा राखिएको थियो। पत्रुसले येशूकै पारामा (मर्कूस ५:४०) कोठामा गएर सबैलाई बाहिर जान अह्राए। पत्रुसले

मुर्दाको सामु घुँडा टेके र प्रार्थना गरे। अनि मरेकी स्त्रीलाई सम्बोधन गरे, "तबिता, तिमी ऊठ" (प्रेरित ९:४० रूपान्तरित)।

प्रेरितहरूले धेरै आश्चर्य कामहरू गरेका थिए। तिनीहरू आफ्नै जोशले ती कामहरू गरेका थिएनन् तर तिनीहरूको हातबाट परमेश्वरले काम गर्नभएको थियो (प्रेरित ५:१२)। प्रेरितहरूले गरेका आश्चर्य कामहरू येशूको कामसँग मिल्दोजुल्दो छ। ती कामहरूले त्यसबेलाकामात्र होइन हामी बर्तमानका चर्चलाई पनि यो सम्झना गराउँछ कि कुनै पनि आश्चर्यमय काम विश्वासीले गर्ने उनमा खुबी भएर होइन तर उनको जीवनलाई परमेश्वरमा समर्पण गर्नेमा भर पर्दछ (यूहन्ना १४:१२)। जब सुसमाचार सुनाउने काममा हामीले पूर्णरूपमा समर्पण गर्दछौं तब परमेश्वरले हामीबाट ठूला ठूला कामहरू गर्न सक्नुहुन्छ। तबितालाई बौरि उठाएरमात्र होइन अरू धेरै आश्चर्य कामहरू पत्रुसले गर्दा योप्पामा रहेको धेरै मानिसलहरूले येशूलाई विश्वास गर्न पुगेका थिए।

**पत्रुसले गरेको जस्तै आश्चर्य काम देख्न सकेको भए हामीहरूले पनि येशूलाई विश्वास गर्थ्यौं भनेर कतिपय मानिसहरूले जिकिर गर्छन्। अचम्मका काम देख्दा धेरै मानिसहरूले येशूलाई विश्वास गर्न गर्न त पुग्लान, तर बाइबल यस्ता कथाहरूले भरिएको छ जसमा आश्चर्य कामहरू नाङ्गो आँखाले देख्दा पनि परमेश्वरलाई विश्वास गर्न अस्वीकार गरेका मानिसहरु थिए। त्यसले गर्दा हामीहरूको विश्वास केमा आधारित हुनपर्दछ त?**

## २. कर्नेलियसको घरमा

योप्पामा साइमन नाउँ गरेको छालाको व्यापारीसँग केही समय घरपाहुना भएर बसेका थिए (प्रेरित ९:४३)। त्यसैसमय करिब २५ माइल वा ४० किलोमिटर परमेश्वर कैसरिया भन्ने शहरमा एक जना रोमी सिपाहीँहरूको कप्तान वा हाकिम कर्नेनियस बस्दथे। उनी सय सिपाहीँहरूका हाकिम थिए। (उनी पश्चिमी देश रोम देशको गोरा जातिको हुनुपर्दछ)। उनी र उनका घर परिवारले परमप्रभु परमेश्वरलाई विश्वास गर्दथे र उहाँका परमभक्तहरू थिए। तिनीहरूले औपचारिक रूपमा यहूदी धर्म अपनाएका त थिएनन्। त्यसको अर्थ उनी खतना नगरिएका अयहूदी थिए। उनलाई परमेश्वरले एक दर्शन दिनुभयो। त्यसमा परमेश्वरले पत्रुसलाई लिएर आउन योप्पामा केही मानिसहरूलाई पठाउन अह्राउनुभएको थियो (प्रेरित १०:१-८)।

प्रेरित १०:१-४३ पढ्नुहोस्। त्यहाँ पत्रुसले देखेका दर्शन र त्यसको
अर्थलाई उनले कसरी लिए भनेर उल्लेख गरिएको छ। यसमा लेखिएको सम्पूर्ण
विवरणबाट हामीले के सिक्न सक्दछौं? हेर्नुहोस् "१ कैसरियामा कर्नेलियस
नाउँका एक जना मानिस थिए, जो इटालिया भन्ने पल्टनका एक कप्तान थिए।
२ तिनी ईश्वरभक्त थिए, र तिनी र तिनको सारा परिवारले परमेश्वरको भय
मान्थे। तिनले मानिसहरूलाई उदारतासाथ दान दिई परमेश्वरलाई सधैं प्रार्थना
गर्थे। ३ तिनले दिउँसो तीन बजेतिर दर्शनमा स्पष्ट रूपले परमेश्वरका एउटा
स्वर्गदूत आफूतर्फ आएर यसो भनिरहेका सुने, "कर्नेलियस!" ४ भयभीत भएर
तिनले उनलाई नियालेर हेरे र भने, "प्रभु, भन्नुहोस्।" अनि उनले तिनलाई भने,
"तिम्रा प्रार्थना र गरीबहरूलाई दिएका दान सम्झनाको रूपमा परमेश्वरको सामने
पुगेका छन्। ५ अब मानिसहरूलाई योप्पामा पठाऊ, र पत्रुस भनिने सिमोनलाई
बोलाइपठाऊ। ६ तिनी चर्मकार सिमोनकहाँ बसेका छन्, जसको घर समुद्रको
किनारमा छ।" ७ जब तिनीसँग बोल्ने स्वर्गदूत बिदा भए, तब तिनले आफ्ना
नोकरहरूमध्ये दुई जना र निरन्तर तिनको सेवा-टहल गर्ने एक जना भक्त
सिपाहीलाई बोलाए, ८ र तिनीहरूलाई सबै कुरा बताएर योप्पामा पठाए। ९
भोलिपल्ट तिनीहरू आफ्नो यात्रामा त्यस सहरको नजिक आइपुग्दा, दिउँसो बाह्र
बजेतिर पत्रुसचाहिँ प्रार्थना गर्न घरको कौसीमा उक्ले। १० तिनी भोकाए, र
तिनले केही खाने मन गरे, तर अरूहरूले भोजन तयार गरिरहेको बेला तिनी
ध्यान-मग्न भए। ११ तिनले स्वर्ग उघ्रेको र त्यहाँबाट चारै कुनामा बाँधिएको
तन्नाजस्तो केही पृथ्वीतिर झरिरहेको देखे। १२ त्यस तन्नामा पृथ्वीका सबै
किसिमका चारखुट्टे जनावर र घस्रने प्राणी र आकाशका चराचुरुङ्गीहरू थिए।
१३ तब तिनले एउटा आवाज सुने, "ए पत्रुस उठ, र मारेर खाऊ।" १४ तर
पत्रुसले भने, "होइन प्रभु, किनभने मैले कहिल्यै केही अपवित्र वा अशुद्ध थोक
खाएको छैनँ।" १५ त्यो आवाज फेरि दोस्रो पल्ट तिनले सुने, "परमेश्वरले जे
शुद्ध गर्नुभएको छ त्यसलाई तिमी अपवित्र नठान।" १६ तीन पल्टसम्म यस्तो
भयो, र तुरुन्तै त्यो तन्ना स्वर्गतिर लगियो। १७ जब पत्रुस आफूले देखेको यो
दर्शनको अर्थ के होला भनेर मनमनै अन्योलमा परेका थिए, त्यति नै बेला
कर्नेलियसले पठाएका मानिसहरू सिमोनको घर खोज्दै ढोका अगाडि खड़ा भए,
१८ "पत्रुस भनिने सिमोन यहाँ बसेका छन् कि?" भनी उच्च सोरमा सोधे। १९
जब पत्रुस दर्शनको विषयमा विचार गरिरहेका थिए तब पवित्र आत्माले तिनलाई
भन्नुभयो, "हेर, तीन जना मानिसले तिमीलाई खोज्दैछन्। २० उठ, र तल जाऊ,
र नहिचकिचाईकन तिनीहरूका साथ लाग, किनभने तिनीहरूलाई मैले पठाएको

हुँ।” २१ तब पत्रुस ओर्ले, र ती मानिसहरूकहाँ गएर भने, “हेर, तिमीहरूले
खोजेको मानिस मै हुँ। तिमीहरू यहाँ आएको कारण के हो?” २२ तिनीहरूले
भने, “एक जना कप्तान कर्नेलियस, जो सोझा र परमेश्वरसँग डराउने र सारा
यहूदी जातिबाट सम्मान पाएका व्यक्ति हुनुहुन्छ, तपाईंलाई उहाँको घरमा
बोलाइपठाउने र तपाईंबाट सन्देश सुन्नू भनी एउटा पवित्र स्वर्गदूतबाट उहाँलाई
आदेश मिलेको छ। २३ तब तिनले तिनीहरूलाई भित्र बोलाएर तिनीहरूको
सत्कार गरे। भोलिपल्ट पत्रुस उठेर तिनीहरूसँग गए, र योप्पाका कतिपय
भाइहरू तिनको साथ लागे। २४ पर्सिपल्ट तिनीहरू कैसरिया पुगे। आफ्ना
कुटुम्बहरू र घनिष्ठ मित्रहरूलाई बोलाएर जम्मा गरी कर्नेलियस तिनीहरूको
बाटो हेरिरहेका थिए। २५ जब पत्रुस भित्र आए तब कर्नेलियसले तिनीसँग भेट
गरी तिनका पाउ परी दण्डवत् गरे। २६ तर पत्रुसले उनलाई यसो भन्दै उठाए,
“उठ्नुहोस्, म आफै पनि त मानिस नै हुँ।” २७ तब तिनी उनीसँग कुरा गर्दै
घरभित्र गए, र त्यहाँ तिनले धेरै जना जम्मा भएका भेट्टाए। २८ तब पत्रुसले
तिनीहरूलाई भने, “अरू जातिसँग सङ्गत गर्नु, अथवा तिनीहरूलाई भेटघाट गर्नु
एक यहूदीको लागि कति अनुचित हो भन्ने कुरा तपाईंहरूलाई थाहै छ, तापनि
परमेश्वरले मलाई कुनै मानिसलाई अपवित्र अथवा अशुद्ध नठान्नू भनी
देखाउनुभएको छ। २९ यसैकारण डाक्ने बित्तिकै केही आपत्ति नजनाई म
तपाईंहरूकहाँ आएँ। तपाईंहरूले मलाई किन डाक्नुभयो? अब भन्नुहोस्।” ३०
तब कर्नेलियसले भने, “चार दिनअघि प्रायः यही समय घरमा म तीन बजेको
प्रार्थना गरिरहेको थिएँ, तब चहकिलो पोशाक पहिरेका एक जना मानिस मेरो
सामुन्ने खड़ा भए, ३१ र भने, ‘कर्नेलियस, परमेश्वरको सामुन्ने तिम्रो प्रार्थनाको
सुनुवाइ भएको छ, र तिमीले गरीबहरूलाई दिएका दानको सम्झना भएको छ।
३२ यसकारण योप्पामा मान्छे पठाएर पत्रुस भनिने सिमोनलाई बोलाइपठाऊ ।
तिनी समुद्रको किनारमा चर्मकार सिमोनको घरमा बसेका छन्।’ ३३ तब मैले
तुरुन्तै तपाईंकहाँ मानिस पठाएँ, र तपाईं कृपापूर्वक आउनुभयो। अब प्रभुबाट
तपाईंलाई आज्ञा भएका सबै कुराहरू सुन्न हामी सबै परमेश्वरको सामुन्ने यहाँ
उपस्थित छौं।” ३४ तब पत्रुसले बोल्न थाले, “साँच्ची नै म देख्तछु, कि
परमेश्वरले पक्षपात गर्नुहुन्न, ३५ तर हरेक जातिमा जो उहासँग डराउँछ, र
उचित काम गर्छ, त्यो उहाँको सामुन्ने ग्रहणयोग्य हुन्छ। ३६ परमेश्वरले
इस्राएलीहरूलाई पठाउनुभएको सन्देश, अर्थात् ख्रीष्टद्वारा प्रचार गरिएको
शान्तिको सुसमाचार तपाईंहरूलाई थाहा छ। (उहाँ नै सबैका प्रभु हुनुहुन्छ।)
३७ यूहन्नाले प्रचार गरेको बप्तिस्मापछि, गालीलदेखि सुरु गरेर सारा

**यहूदियाभरि प्रचार गरिएको वचन यही हो, ३८ कि परमेश्वरले नासरतका येशूलाई पवित्र आत्मा र शक्तिले अभिषेक गर्नुभयो। उहाँ सुकर्म गर्दै र दियाबलसबाट पेलिएकाहरूलाई निको पार्दै हिँड्नुभयो, किनकि परमेश्वर उहाँको साथमा हुनुहुन्थ्यो। ३९ "अनि उहाँले यहूदीहरूको देशमा र यरूशलेममा गर्नुभएका सबै कुराका हामी साक्षी हौं। उहाँलाई तिनीहरूले काठमा झुण्ड्याएर पनि मारे। ४० उहाँलाई नै परमेश्वरले तेस्रो दिनमा जीवित पारी उठाउनुभयो, र उहाँलाई प्रकट गराउनुभयो, ४१ सबै मानिसलाई होइन, तर हामी जसलाई परमेश्वरले साक्षीको रूपमा छान्नुभयो, र उहाँ मृतकबाट जीवित हुनुभएपछि हामीले उहाँसँग खानपान गऱ्यौं। ४२ उहाँले हामीलाई जनतामा प्रचार गर्न, र उहाँ जीवित र मृतकहरूका न्यायकर्ता हुनलाई परमेश्वरद्वारा नियुक्त हुनुभएको व्यक्ति हुनुहुन्छ भन्ने गवाही दिनलाई आज्ञा गर्नुभएको छ। ४३ सबै अगमवक्ताहरूले उहाँको गवाही दिएका छन्, कि उहाँमाथि विश्वास गर्ने प्रत्येकले उहाँको नाउँद्वारा पाप-क्षमा पाउँछ।"**

पत्रुसले देखेको दर्शन शुद्ध अशुद्ध खाना आदिको बारेमा होइन तर मानिसहरूको बारेमा हो भन्ने जान्नु अत्यन्त जरुरी छ। हो दिउँसो पख थियो। खाना पाक्दै गर्दा उनी कौसीमा गएर प्रार्थना गर्दै थिए। पत्रुस भोकाएका थिए नै। तर पत्रुसले एउटा दर्शन देखे। त्यसमा अनेकौं अशुद्ध जनावरहरू तन्नामा राखिएर पत्रुसको सामु ओऱ्हालिएको थियो। अनि एउटा आवाजले तिनीहरूलाई मारेर खाऊ भनेर अह्राउनुभयो। त्यस दर्शनले शुद्ध वा अशुद्ध पशुहरूको बीचमा भएका भिन्नता हरायो भन्न खोजिएको होइन तर सुसमाचारको बिशेषतामा के सम्मिलित भएको थियो सो उनलाई प्रष्ट पार्न देखाइएको थियो।

आफ्नो यहूदी जात वा रंङ्गमा पत्रुसले गौरब गरेका थिए। अरू जाति वा यहूदी भन्दा बाहिरका जातिहरू उनको निम्ति अछुत जाति र तिनीहरूदेखि पर बस्ने मनस्थितिमा पत्रुस थिए। कर्नेलियसको घरमा आफू गए र तिनीहरूलाई सङ्गति दिएमा आफू अशुद्ध वा अपवित्र हुने कुरामा उनी निश्चित थिए। अन्य जातिसँग हेलमेल भयो भने आफू अशुद्ध हुँदा आफू मन्दिरमा जान अयोग्य हुने र परमेश्वरको सामु उभिन पनि नसक्ने भन्ने पूर्वाग्रही मनस्थितिले पत्रुस ग्रसित थिए। त्यसैले गर्दा यहूदीया वा वरपर रहेका अन्य जाति (म्लेच्छ भनेर सम्बोधन गरिने) वा खतना नगरिएकाहरूसँग प्रथम शताब्दीका यहूदीहरू सङ्गत गर्दैनथे।

त्यसबेलामा त्यस किसिमको पूर्वाग्रहले ग्रसित भएको धार्मिक दर्शन वा संस्कारले अरू सबै जातिहरूलाई यहूदी इस्राएलले छिःछिः दुरदुर गर्दथ्यो।

आफूहरू बिदेशीहरूको उपनिवेशमा परेतापनि र आफ्ना देशको वरिपरि अरू देशहरू भएतापनि ती देशका मानिसहरू आफूभन्दा अपवित्र मान्ने वा अशुद्ध र पानी नचल्ने जाति भनेर यहूदीहरूले ठान्दथे। परमेश्वरको चाहना थियो ती यहूदीहरूबाट नै विश्वका सबै मानिसहरू उहाँको छत्रछायाँमा आओस् र सत्य परमेश्वरको ज्ञान थाहा पाओस्। यहूदीहरूको रङ्गभेद नीति वा अरूभन्दा आफू पवित्र वा शुद्ध जाति भन्ने मनस्थितिमा लागिरहने संस्कारले परमेश्वरको चाहनालाई भ्रष्ट पारेको थियो।

परमेश्वर र अब्राहमको सन्तानको बीचमा करार बाँधिन खतना गर्ने संस्कारले गर्दा अरू खतना नगरेका मानिसहरूलाई यहूदीहरूले तिरस्कार गर्दथे र तिनीहरूलाई आफूहरूबाट अलग्गै राख्दथे। यहूदीहरूले तिनीहरूलाई हेपाहा दृष्टिले र तल्लो जाति भनेर हेर्दथे। ती अन्य जातिहरू खतना गरिएमा र यहूदी भएमामात्र अब्राहमसँग गरिएको करारमा सहभागी हुनसक्ने वा तिनीहरूलाई स्वीकार्न सकिन्छ भनेर यहूदीहरू भित्री मनदेखिनै विश्वास गर्दथे। सारा विश्व समेटिने येशूको मृत्युको अर्थसँग त्यस किसिमको धारणको तालमेल थिएन। येशूसँगसँगै हिंडेर उहाँको शिक्षामा डुबेको भएतापनि परमेश्वरको अनुग्रह कुनै जातिमा सिमित नभएको भन्ने आत्मज्ञान बुझ्न चेलाहरूलाई समेत धेरै समय लागेको थियो।

**परमेश्वरले संसारलाई प्रेम गर्नुभयो र आफ्नो एकमात्र पुत्र दिनुभयो ताकि संसारका सबै मानिसहरूले विश्वास गरुन् र उहाँको छत्रछायाँमा आउन् भन्ने विश्वव्यापी सुसमाचारको मर्म देहायका केही पदहरूले हामीलाई कसरी सिकाउँदछन्? र कुनै पनि मानिस म क्रिश्चियन हुँ, (जय मसीह भन्ने) तर कुनै पनि मानिसलाई जातजातिलाई वा मानव समूहलाई पूर्वाग्रह वा रङ्गभेदमा गर्ने संस्कार सरासर गलत र येशूनीतिको खिलाफमा हो भनेर ती पदहरूले हामीलाई कसरी सिकाउँदछन्? हेर्नुहोस्, तितस २:११ "सबै मानिसहरूका मुक्तिको निम्ति परमेश्वरको अनुग्रह प्रकट भएको छ।", गलाती ३:२६-२८ "२६ किनकि विश्वासद्वारा तिमीहरू सबै ख्रीष्ट येशूमा परमेश्वरका सन्तान हौ। २७ किनकि तिमीहरूमध्ये जतिको ख्रीष्टमा बप्तिस्मा भयो, तिमीहरू सबैले ख्रीष्टलाई धारण गरेका छौ। २८ अब न त यहूदी छ न ग्रीक, न कमारा छ न फुक्का, न त पुरुष न स्त्री छ, किनभने ख्रीष्ट येशूमा तिमीहरू सबै एउटै हौ।" र एफिसी २:११-१९ "११ यसकारण याद राख, अघि तिमीहरू शरीरअनुसार अन्यजाति छँदा शरीरमा हातबाट खतना गरिएकाहरूले तिमीहरूलाई बेखतनाका मान्दथे। १२ याद राख, तिमीहरू त्यस बेला ख्रीष्टबाट अलग, इस्राएलका नागरिक**

हकबाट बाहिर भएका थियौ, र प्रतिज्ञाका कराररहरूबाट बिराना, आशा नभएका र यस संसारमा परमेश्वररहित थियौ। १३ तर तिमीहरू, जो त्यस बेला ख्रीष्ट येशूबाट टाढ़ा थियौ, अब ख्रीष्टको रगतले नजिक भएका छौ। १४ किनकि उहाँ नै हाम्रो शान्ति हुनुहुन्छ। उहाँले हामी दुवैलाई एउटै बनाउनुभएको छ, र विभाजन ल्याउने शत्रुताको पर्खाल भत्काइदिनुभएको छ। १५ र उहाँले व्यवस्थालाई त्यसका आज्ञाहरू र धार्मिक-विधानहरूसमेत आफ्नै शरीरमा खारेज गर्नुभएको छ, कि यी दुईका सट्टामा उहाँले आफैमा एउटा नयाँ मानिस सृष्टि गरून्, र यसरी शान्ति स्थापना होस्। १६ अनि उहाँले क्रूसद्वारा हामी दुवैलाई एउटै शरीरमा परमेश्वरसँग मेल गराएर शत्रुतालाई शेष पार्नुभयो। १७ उहाँले आएर तिमी टाढ़ा भएका र नजिक भएकाहरूलाई मिलापको सुसमाचार सुनाउनुभयो, १८ किनकि उहाँद्वारा नै हामी दुवैले एउटै पवित्र आत्मामा पिताकहाँ प्रवेश पाएका छौं। १९ यसरी अब तिमीहरू विदेशी र प्रवासी होइनौ, तर सन्तहरूसँग तिमीहरू सङ्गी-नागरिक र परमेश्वरको परिवारका सदस्यहरू भएका छौ।"

## ३. पवित्र आत्माको बरदान

सुरूको चर्चले निर्णायक क्षण अनुभव गरेको प्रेरित १०:४४-४८ ले यसरी बताउँदछ, "४४ (कर्नेलियस र उनीसँग जम्मा भएका मानिसहरूलाई) पत्रुसले यी कुरा बोल्दाबोल्दै वचन सुन्ने सबैमाथि पवित्र आत्मा ओर्लनुभयो। ४५ अन्यजातिहरूमाथि पनि पवित्र आत्माको वरदान खन्याइएको देखेर पत्रुसको साथमा आउने यहूदी विश्वासीहरू आश्चर्यचकित भए। ४६ किनकि अन्य भाषामा बोलेर तिनीहरूले परमेश्वरको प्रशंसा गरिरहेका उनीहरूले सुने। तब पत्रुसले भने, ४७ “हामीझैं पवित्र आत्मा पाउने यिनीहरूलाई पानीको बप्तिस्मा हुनदेखि कसले मनाही गर्न सक्छ?” ४८ अनि तिनले तिनीहरूलाई येशू ख्रीष्टको नाउँमा बप्तिस्मा दिनू भनी आज्ञा गरे। तब तिनीहरूले पत्रुसलाई केही दिन त्यहीं रहनुहोस् भनी अनुरोध गरे।" प्रेरितहरूमध्ये एक जनाले अयहूदी वा खतना नगरेका अन्य जातिहरूको बीचमा सुसमाचार प्रचार गरिएको यो प्रथम पटक थियो। ग्रीक र रोमी सभ्यतामा हुर्केका हेलनिस्टिक यहूदीहरू, प्रेरितहरू र अरू यहूदीहरू अन्य जाति वा अयहूदीहरूलाई चर्चमा हुल्ने मनस्थितिमा थिएनन्। येशू त केवल इस्राएलको वा यहूदीहरूको मात्र मसीह हुनुभएकोले उहाँको बारेमा सुसमाचार केवल नजिक होस् वा टाढा होस् केवल यहूदीहरूलाई सुनाउनु पर्छ भनेर सुरूका ती चेलाहरूले जिकिर गरेका थिए।

यदि कोही अयहूदी वा अन्य जातिले येशूलाई ग्रहण गर्न चाहन्छ भने त्यो मानिस पहिले आफ्नो धर्म, संस्कार वा आस्था परिवर्तन गरेर पहिला यहूदीको संस्कारमा घुस्नुपर्छ अनि मात्र येशूका विश्वासीहरूको बीचमा उसलाई हुल्न सकिन्छ भन्ने येशूलाई विश्वास गर्ने यहूदीहरूले विश्वास गरेका थिए। अर्थात् यदि अरू कोही जात वा अयहूदी इसाई हुन चाहन्छ भने पहिला ऊ यहूदी हुनुपर्छ अनिमात्र इसाई हुनसक्छ भन्ने मानसिकतामा यहूदी इसाईहरू थिए। यहूदी इसाईहरूमा भएको येशूनीतिको बिपरित मानसिकताको परिवर्तन गर्नु आवश्यक थियो।

कर्नेलियस र त्यहाँ उपस्थित भएका श्रोताहरूमा पवित्र आत्मा खन्याइँदा तिनीहरूले पनि अन्य भाषा बोल्न थालेका थिए। जब तिनीहरूमाथि पनि पवित्र आत्मा आउनुभयो तब आश्चर्यचकित भएका चेलाहरूको बीचमा यो स्पष्ट महसुस भयो कि परमेश्वरले पक्षपात गर्नुहुन्न। मुक्ति दुवै यहूदी र अयहूदी वा अन्य जातिहरूको निम्ति पनि हो र परमेश्वरको सामु सबै जना बराबर छन् भनेर मुक्ति भनेको केवल यहूदीको निम्तिमात्र हो भनेर जिकिर गर्ने येशूका चेलाहरू लगाएत अरू यहूदीहरूले पनि बुझ्न वाध्य भएका थिए।

**पाश्चिमी देश रोमका कर्नेनियस र उनका घरानाहरूलाई (गोरा जाति हुनुपर्छ) सुसमाचार सुनाइएको खबर पत्रुसले यरुशलेम चर्चलाई सुनाउँदा येशू केवल यहूदीहरूको मात्र मसीह हुनुहुन्छ भनेर जिकिर गर्ने मध्यपूर्व एशियामा रहेको यरुशलेम चर्चका विश्वासीहरूको प्रतिक्रिया कस्तो थियो? हेर्नुहोस् प्रेरित ११:१-१८ "१ यहूदियामा हुने प्रेरित र भाइहरूले अन्यजातिहरूले पनि परमेश्वरको वचन ग्रहण गरेछन् भन्ने सुने। २ जब पत्रुस यरूशलेममा आए, तब खतना गर्नेहरूको दलले तिनीसित यसो भन्दै तिनको आलोचना गरे, ३ "खतना नलिने मानिसहरूकहाँ गएर तिनीहरूसँग तपाईंले किन खानपान गर्नुभयो?" ४ तब पत्रुसले क्रमैसँग तिनीहरूलाई व्याख्या दिन थाले: ५ "म योप्पा सहरमा प्रार्थना गर्दैथिएँ, र ध्यान-मग्न थिए, तब एउटा ठूलो तन्नाजस्तो चार कुनामा समाती तल झरिराखेको केही थोक मैले दर्शनमा देखें, र त्यो मकहाँ आयो। ६ मैले नियालेर हेर्दा त्यहाँ पृथ्वीका जनावर र जङ्गली पशुहरू, घस्रने जन्तु र आकाशका चराचुरुङ्गीहरू देखें। ७ मलाई यसो भनेको एउटा आवाज मैले सुनें, 'पत्रुस उठ, र मारेर खाऊ।' ८ "तर मैले भनें, 'होइन प्रभु, कुनै अपवित्र अथवा अशुद्ध कुरो मेरो मुखमा कहिल्यै परेको छैन।' ९ "तर त्यस आवाजले दोस्रो पल्ट स्वर्गबाट मलाई भन्यो, 'जे परमेश्वरले शुद्ध गर्नुभएको छ त्यसलाई तिमी अपवित्र नभन।' १० तीन पल्ट त्यस्तै भयो, र ती सबै फेरि स्वर्गमा लगिए। ११ "त्यति नै बेला**

**कैसरियाबाट मकहाँ पठाइएका तीन जना मानिसहरू हामी बसेको घरमा आइपुगे। १२ नहिचकिचाई तिनीहरूका साथमा जान मलाई पवित्र आत्माले भन्नुभयो। यी छ जना भाइहरू पनि मेरो साथ लागेका थिए, र हामी त्यस मानिसको घरमा पस्यौं। १३ उनले हामीलाई बताए, कि एउटा स्वर्गदूत उनको घरमा उभिएर यसो भनिरहेका उनले देखे, 'योप्पामा मान्छे पठाएर पत्रुस भनिने सिमोनलाई बोलाइपठाऊ। १४ उनले तिमीलाई वचन सुनाउनेछन्, जसद्वारा तिमीले उद्धार पाउनेछौ– तिमी र तिम्रा सारा परिवारले।' १५ "जब मैले बोल्न थालें, तब सुरुमा हामीमाथि ओर्लनुभएकोजस्तै पवित्र आत्मा तिनीहरूमाथि पनि ओर्लनुभयो। १६ तब प्रभुले भन्नुभएको त्यो वचन मलाई याद भयो, 'यूहन्नाले त पानीले बप्तिस्मा दिए, तर पवित्र आत्मामा तिमीहरूको बप्तिस्मा हुनेछ।' १७ प्रभु येशू ख्रीष्टमाथि विश्वास गर्दा परमेश्वरले हामीलाई जुन वरदान दिनुभयो, तिनीहरूलाई पनि त्यही वरदान दिनुभएपछि परमेश्वरलाई रोक्न सक्ने म को हुँ र?" १८ यी कुरा सुनेपछि तिनीहरू चूप भए, र यसो भन्दै तिनीहरूले परमेश्वरको महिमा गरे, "अब त परमेश्वरले अन्यजातिहरूलाई पनि जीवनको निम्ति पश्चात्ताप दिनुभएछ।"**

जब यहूदी धर्ममा कट्टर भएर जन्मिएका र हुर्केका यहूदी इसाईहरूले अन्यजाति वा खतना नगरेका जातिहरूको बीचमा गएर पत्रुसले खानपिन गरे भन्ने खबर थाहा पाए तब अरू जातिप्रति पूर्वाग्रहले ग्रसित ती विश्वासीहरूले पत्रुसको घोर आलोचना गरे। ती इसाई भनाउँदाहरू नै किन नहुन् तिनीहरूले आफ्ना यहूदी धर्म, विधि र संस्कारप्रति बढी चासो देखाएर कर्नेलियस र उनका परिवारले पाएको मुक्तिको वास्ता गरेका थिएनन्। यदि चर्चबाटै यहूदी धर्मको संस्कार र संस्कृतिलाई तोड्न थालियो भने यहूदी धर्मकै नाश हुन्छ भनेर ती यहूदी इसाईहरूले ठानेका थिए। यसले गर्दा जुन आरोपले स्तिफनसको मृत्यु भयो त्यही आरोप यहूदी जनताहरूले पनि तिनीहरूलाई लाद्नेछन् भनेर तिनीहरू त्रसित भएका थिए।

"येशूको चर्चमा एकदम नयाँ पक्ष भित्रिएर काम गर्नुपर्ने समय आइपुगेको थियो। अरू जाति वा अयहूदीहरूको निम्ति धेरैजसो यहूदी जातका इसाईहरूले थुनेका ढोका अब पूर्णरूपमा खुला भएको थियो। अब अयहूदी जातिले जब सुसमाचारलाई ग्रहण गरे तब तिनीहरूले पनि यहूदी चेलाहरूको बराबरीमा भएको मान्यता पाएका थिए। तिनीहरूलाई खतना गर्ने वा अरू यहूदी विधिहरू पालन गर्नुपर्ने वाध्यता लादिएको थिएन।"-एलेन जी ह्वाइट, *द आक्टस अभ आपोस्टलस्,* पृ. १३६बाट रूपान्तरित।

पेन्टिकोस्टमा जस्तै कर्नेलियस र उनका परिवारले पनि तिनीहरूलाई पहिला थाहा नभएको अन्य भाषा बोलेका थिए। तर तिनीहरूले उत्तेजित भएर बरबराउने बोलि निकालेका थिएनन्। फरकचाहीँ यो थियो कि जब पेन्टिकोस्टको समयमा चेलाहरूमा पवित्र आत्मा खन्याइए र अन्य भाषा बोल्न थाले त्यो बरदानले संसारको बिभिन्न कुनाहरूबाट आएका यहूदीहरूले आआफ्नै भाषामा बुझेका थिए र जसको फलस्वरुप विश्वव्यापीरूपमा चर्चको स्थापना हुन गएको थियो। तर कर्नेलियसको मामिलामा जब पवित्र आत्मा आउनुभयो तब अन्य जातिको बीचमा पनि परमेश्वरको अनुग्रहले काम गरिरहनुभएको थियो भन्ने कुरालाई अनुमोदन गरिएको थियो।

## ४. एन्टोओखियाको चर्च

यहूदी जात वा राष्ट्रभन्दा बाहिरका मानिस कर्नेलियस पनि आफ्नो आत्म परिवर्तन गरेर येशूलाई विश्वास गर्न पुगे भन्ने समाचारले प्रेरित भएका लूकाले पत्रुसको सेवाकार्यको बारेमा वयान दिन केही बेर रोकेर अरू अयहूदीहरूको बीचमा सुसमाचार प्रचार गरिएको विवरण प्रस्तुत गर्दछन्।

**यरुशलेममा एन्टिओखिया देशबाट आएका केही शरणार्थीहरूलाई के भयो? हेर्नुहोस् प्रेरित ११:१९-२६ "१९ स्तिफनसको सम्बन्धमा सुरु भएको सतावटको कारण जताततै छरपष्ट भएकाहरूले अरूलाई होइन, तर यहूदीहरूलाई मात्र वचन प्रचार गर्दै, फोनिके, साइप्रस र एन्टिओखियासम्म यात्रा गरे। २० तर तिनीहरूमध्ये कोही-कोही साइप्रस र कुरेनीका मानिसहरू थिए। तिनीहरूले एन्टिओखियामा आएर ग्रीकहरूलाई पनि प्रभु येशू प्रचार गरे। २१ प्रभुको बाहुली तिनीहरूसँग भएकोले विश्वास गर्नेहरू धेरै संख्यामा प्रभुतिर फर्के। २२ यो समाचार यरूशलेममा भएको मण्डलीको कानमा पुग्यो, र तिनीहरूले बारनाबासलाई एन्टिओखियामा पठाए। २३ तिनी त्यहाँ आएर परमेश्वरको अनुग्रह देखिकन खुशी भए, र तिनीहरू सबैलाई सम्पूर्ण हृदयले प्रभुप्रति विश्वासी रहिरहन प्रोत्साहन दिए। २४ किनभने तिनी असल, पवित्र आत्मा र विश्वासले भरिपूर्ण भएका मानिस थिए। मानिसहरूको ठूलो समूह प्रभुमा थपियो। २५ तब शाऊललाई खोज्न बारनाबास टार्ससमा गए। २६ जब तिनले उनलाई भेट्टाए तब उनलाई एन्टिओखियामा ल्याए। तब पूरा एक वर्षसम्मै मण्डलीका मानिसहरूसँग तिनीहरूले भेटघाट गरिरहे, र मानिसहरूको ठूलो समूहलाई शिक्षा दिए। चेलाहरू पहिलो पटक एन्टिओखियामा नै ख्रीष्टियान वा इसाई भनिए।"**

**प्रेरित** ११को बिवरणले प्रेरित ८ अध्यायमा पावलले गरेको सतावटको याद दिलाउँछ। जब पावलले इसाईहरूलाई यहूदिया र अरू ठाउँहरूमा सास्ति दिइरहेका थिए **तब अरू देशबाट** आएका **कतिपय यहूदी** इसाईहरू यरुशलेम छोड्न वाध्य भएका थिए। तर तिनीहरूले इस्राएलको सिमाना नाघेर अरू देशहरूमा सुसमाचार फैलाउँदै थिए।

सिरियामा रहेको ठूलो सहर एन्टिओखियातिर लूकाले विशेष ध्यान दिँदछन्। त्यहाँ यरुशलेमबाट भागेर यहूदी इसाईहरू शरणार्थी भएर गएका थिए। तिनीहरूले आफ्ना यहूदी साथीहरू र अरू देशबाट आएका हेलनिस्टिक वा ग्रीक तथा रोमी सभ्यताको प्रभावमा परेका यहूदीहरूलाई सुसमाचार सुनाउन थालेका थिए। तिनीहरूमध्ये धेरैले येशूलाई ग्रहण गर्न थालेका थिए। अनि ती विदेशबाट आएका हेलनिस्टक यहूदीहरूमार्फत पनि प्रेरित १:८मा येशूले दिनुभएको संसारमा सुसमाचार सुनाउने आदेश कार्यान्वन हुन थालेको थियो। यथार्थमा भन्ने हो भने ती हेलनिस्टक यहूदी इसाईहरू अन्य जाति वा अयहूदीहरूको बीचमा सुसमाचार सुनाउने लक्ष्यको संस्थापकहरू भएका थिए।

एन्टोखिनियामा चर्चले सफलता पाएको थाहा पाएर यरुशलेममा रहेका प्रेरितहरूले त्यहाँको बस्तुस्थितिको मूल्याङ्कन गर्न बर्नाबासलाई पठाउने निर्णय गरे। उक्त क्षेत्रमा सुसमाचार सुनाउने ठूलो अवसर पाएकोले त्यस मामिलामा झन अगाडि बढ्न टार्ससमा रहेको पावललाई बर्नाबासले बोलाए। सुमाचार सुनाउने काममा पावलले उल्लेखनीय भूमिका खेल्नेछन् भनेर बर्नाबासले विश्वास गरेका थिए।

उक्त मामिलामा बर्नाबास ठीक ठहरिएका थिए। जब वर्नाबास र पावल दुवैले सँगसँगै मिलेर काम गरे तब सुसमाचार प्रचार गर्ने काममा ठूलो सफलता मिलेको थियो। तिनीहरूले अन्य जाति वा अयहूदीहरूको हुलका हुल मानिसहरूलाई सुसमाचार सुनाउने अवसर पाएका थिए। जब जोशले एन्टोखियामा येशूको बारेमा सुनाएर सुमाचार प्रचार गरे त्यही जोशलाई देखेर त्यो देशका मानिसहरूले येशूका अनुयायीहरूलाई "ख्रीष्टियान वा इसाई" भनेर नाउँ दिए (प्रेरित ११:२६)। तिनीहरूलाई ख्रीष्टियान भनेर गरेको सम्बोधन सायद चर्चका बाहिरका मानिसहरूले खिल्ली उडाउनको निम्ति गरेको हुनसक्छ। तर विश्वासी आफू आफूहरूमा "भाइहरू" (प्रेरित १:१६), "चेला तथा अनुयायीहरू" (प्रेरित ६:१) वा "सन्तहरू" (प्रेरित ९:१३) भनेर सम्बोधन गर्न रुचाउँथे। लूकाले प्रेरितको पुस्तक लेख्ने सिलसिलामा येशूका विश्वासीहरूलाई "इसाई" भनेर सम्बोधन गर्ने बानी चलन चल्तिमा आउन

थालेको थियो। लूकाले पनि त्यस सम्बोधनलाई सहमति दिएको पाइन्छ। "ख्रीष्टियन" वा "इसाई" भन्नुको अर्थ अरू कुनैको नभएर येशूको भक्त वा अनुयायी हो।

**के तपाईं आफूलाई इसाई भनेको रुचाउनुहुन्छ? त्यसको गहिरो अर्थ के हुन्छ के तपाईंलाई थाहा छ? के तपाईंको जीवनले तपाईं सही रूपमा इसाई हुनुहुन्छ भनेर देखाउँछ? त्यसको अर्थ तपाईं रहेको समाजका मानिसहरूभन्दा तपाईं कस्तो किसिमको फरक जीवनशैली अपनाउनुहुन्छ जसले गर्दा तपाईंलाई इसाई भनेर सम्बोधन गर्न तपाईं योग्यको हुनुहुन्छ?**

## ५. हेरोदको सतावट

अब हामी फेरि यहूदिया अर्थात् यरुशलेमतिर ध्यान फर्काउनेछौं। राजा हेरोदले जेवदीको छोरो अर्थात् यूहन्नाको दाजु याकूबलाई (मर्कूस १:१९) मारिसकेपछि पत्रुसलाई मार्न उनी हात बढाउँछन्।

**सुरूको चर्च एकदम रमाइलो र स्वर्ग जस्तो शान्त थियो भनेर कतिपय मानिसहरूले अनुमान गर्दछन्। तर प्रेरित १२:१-४ हेर्नुहोस्, त्यसबेलाको चर्चले कस्तो चुनौतिको सामाना गर्नुपरेको थियो? " १ ती दिनमा हेरोद राजाले मण्डलीका कति जनामाथि कठोर अत्याचार गर्न थाले। २ उनले यूहन्नाका दाजु याकूबलाई तरवारले मारे। ३ यस कामले यहूदीहरू खुशी भएका देखेर पत्रुसलाई पनि पक्रने तरखर गरे। यो घटना अखमिरी रोटीका चाड़को समयमा भएको थियो। ४ हेरोदले पत्रुसलाई गिरफ्तार गरेर झ्यालखानमा हालिदिए, र निस्तारचाड़पछि तिनलाई जनताका सामने ल्याउने विचार गरेर तिनको पहरा गर्नलाई सिपाहीका चार टोलीको जिम्मा लाइदिए।"**

यो हेरोद अग्रीपा एक थिए जुन् महान् हेरोदका नाति थिए (मत्ती २:११)। उनले यहूदीयामा सन् ४०-४४सम्म राज्य गरेका थिए। उनी धर्मात्मा जस्तो देखाइएका हुनाले यहूदीहरूको बीचमा लोकप्रिय हुन पुगेका थिए। विशेष गरेर फरिसीमतका पण्डितहरूको बीचमा उनी लोकप्रिय भएका थिए। यहूदीहरूलाई खुशी पार्न उनले प्रेरितहरूमाथि हमला गरेका थिए। त्यसले गर्दा त्यो काम र अरू स्रोत अनुसार उनी कस्ता खालका राजा थिए भनेर राम्रै गरि चिनाउँछ।

याकूबलाई मारेर आफूले सफलता हासिल गरेको देखेपछि अब पत्रुसलाई पनि मार्ने उनले योजना बनाए। पत्रुसलाई पक्रेर चार जना सिपाहींहरूको टोलीको मातहतमा उनलाई झ्यालखानामा थुनि दिन्छन्। चार

जना सिपाहीँहरूको काम पत्रुसलाई पालै पालो पहरा दिने थियो। प्रत्येक पहरामा चार चार जना सिपाहीँहरूले रातभरि पत्रुसलाई हेर्दथे। उनलाई सिक्रीले बाँधेका थिए। एक जना उनको दाहिनेतिर र अर्को देब्रेतिर सिपाहीँहरू थिए। अनि दुई जना सिपाहीँ ढोकामा कुरेर बस्दथे। पहिला पनि पत्रुसलाई मार्न खोज्दा उनी फुत्किएको देखेर (प्रेरित ५:१७-२०) फेरि त्यसो नहोस् भनेर बलियो कदम चालेका थिए।

**पत्रुस झ्यालखानामा सिक्रीले बाँधिएर आफ्नो मृत्युको पर्खाइमा रहेको बेलामा विश्वासी भाइहरू अर्थात् चर्चले के गरिरहेका थिए र त्यसको फलस्वरुप के भयो? हेर्नुहोस्, प्रेरित १२:५-१८ " ५ यसरी पत्रुस झ्यालखानमा राखिए, तर तिनको निम्ति मण्डलीले परमेश्वरलाई बड़ो जोशसँग प्रार्थना गरिरहेको थियो। ६ हेरोदले तिनलाई बाहिर निकालिल्याउन खोजेकै रात, पत्रुस दुई वटा साङ्लाले बाँधिएर दुई जना सिपाहीहरूका बीचमा सुतिरहेका थिए। सिपाहीहरू पनि ढोका अगिल्तिर उभिएर झ्यालखानको पहरा दिइरहेका थिए। ७ अचानक प्रभुका एउटा स्वर्गदूत त्यहाँ देखा परे, र कोठरीमा ज्योति चम्क्यो। स्वर्गदूतले पत्रुसलाई कोखामा हिर्काए अनि "छिटो उठ" भनेर तिनलाई जगाए। तब साङ्लाहरू तिनका हातबाट फुस्केर खसे। ८ स्वर्गदूतले तिनलाई भने, "लुगा लगाऊ, र जुत्ता लाऊ।" तब तिनले त्यसै गरे। उनले तिनलाई भने, "खास्टो ओढ़ेर मेरो पछिपछि लाग।" ९ अनि तिनी निस्केर उनको पछिपछि लागे। स्वर्गदूतबाट गरिएको कुरो साँच्चीकै हो भन्ने तिनलाई थाहै भएन। तर दर्शन देख्दैछु भनी तिनले ठाने। १० जब पहिलो र दोस्रो पहरा-टोली नाघेर सहरमा पस्ने फलामे ढोकामा तिनीहरू पुगे, तब त्यो ढोका आफै तिनीहरूका लागि उघ्रियो, र तिनीहरू बाहिर निस्केर एउटा गल्लीको बाटो भएर गए, र तुरुन्तै स्वर्गदूत तिनलाई छोड़ेर गए। ११ जब पत्रुसको होश खुल्यो तब तिनले भने, "अब मलाई साँच्ची नै थाहा भयो, कि प्रभुले आफ्ना दूत पठाउनुभएर हेरोद राजाको हातबाट, र यहूदीहरूले जे गर्न चाहन्थे ती सबैबाट मलाई छुटकारा दिनुभयो।" १२ यो कुरा तिनलाई थाहा भएपछि, तिनी मर्कूस भनिने यूहन्नाकी आमा मरियमको घरमा गए। त्यहाँ धेरै जना जम्मा भएर प्रार्थना गरिरहेका थिए। १३ तिनले ढोका ढकढक्याउँदा रोदा नाउँ भएकी नोकर्नी ढोका खोल्न आई। १४ पत्रुसको सोर चिनेपछि त्यो खुशी भएर ढोकै नखोली भित्र दगुरेर गई "पत्रुस ढोकामा उभिरहेका छन्" भनी खबर दिई। १५ तर तिनीहरूले त्यसलाई भने, "तँ बौलाही होस्।" तर त्यसले भनेकी कुरा साँच्चै हो भनी त्यसले जिद्दी गरी। तब तिनीहरूले भने, "त्यो उनको स्वर्गदूत होला।" १६ तर पत्रुसले**

**चाहिँ ढकढक्याइरहे। ढोका खोल्दा तिनलाई देखेर तिनीहरू छक्क परे। १७ तिनले "चूप लाग" भनी हातले इशारा गरे, र प्रभुले तिनलाई कसरी झ्यालखानबाट बाहिर निकाल्नुभयो सो तिनीहरूलाई बताए। यी कुराको समाचार याकूब र अरू भाइहरूलाई दिनू भनेर तिनी बिदा भएर अर्कै ठाउँमा गइहाले। १८ उज्यालो भएपछि पत्रुसलाई के भयो भनी सिपाहीहरूका बीचमा ठूलो हलचल भयो। १९ हेरोदले तिनको खोजी गरेर पनि फेला नपार्दा, सिपाहीहरूको जाँच गरी तिनीहरूलाई ज्यानसजायको हुकुम गरे। हेरोदचाहिँ यहूदियाबाट कैसरिया गएर त्यहीं नै बसे।**

भोलिपल्ट अग्रिपाले पत्रुसको बिरुद्धमा मुद्दा लगाएर मार्न खोज्दा पत्रुस त भागिसकेको उनले थाहा पाए। पत्रुसलाई अचम्म तरिकाले स्वर्गदूतले छुटाएका थिए।

पत्रुसलाई मार्न नपाएको झोँकले होला उनी कैसरियामा जान्छन् जहाँ उनको मृत्यु हुन्छ। कुनै अचानक रोग वा अल्सर वा विषले गर्दा उनको मृत्यु भएको भनेर कतिपयले अनुमान गरेतापनि उनी परमेश्वरको न्यायमा परेर मृत्यु भएको थियो भनेर लूकाले स्पष्टरूपमा उल्लेख गर्दछन्। हेर्नुहोस्, प्रेरित १२:२०-२४ " २० हेरोद टुरोस र सीदोनका मानिसहरूसँग अत्यन्तै नाराज भएका थिए। तिनीहरू एक दल भएर उनीकहाँ आए, र राजाका भित्री कर्मचारी बलस्तससँग खुशामद गरेर मिलापको लागि बिन्ती गरे। किनकि तिनीहरूको देश अन्नको निम्ति राजाको देशमा निर्भर थियो। २१ तोकिएको दिनमा राजकीय पोशाक पहिरेर हेरोद उनको सिंहासनमा बसे, र तिनीहरूलाई उनले भाषण दिए। २२ मानिसहरू "यो त ईश्वरको बोली हो, मानिसको होइन!" भनेर कराए। २३ तर परमेश्वरलाई महिमा नदिएकोमा त्यत्तिखेरै प्रभुका एउटा स्वर्गदूतले उनलाई प्रहार गरे, र स्याउँ-स्याउँ कीरा परेर उनको देहान्त भयो।"

अनि परमेश्वरको कामले फेरि निरन्तरता पायो। हेर्नुहोस् " २४ तर प्रभुको वचन बढ्दै र फैलिँदैगयो। २५ बारनाबास र शाऊल आफ्ना मिशन पूरा गरेर यरूशलेमबाट फर्के। तिनीहरूसँग मर्कूस भनिने यूहन्ना पनि गए।" प्रेरित १२:२४,२५।

**याकूबलाई मारियो पत्रुस छुटियो र हेरोद राजाले परमेश्वरको न्याय खप्दछन्। कतिपय समयमा परमेश्वरले तुरन्तै न्याय गर्नुभएको हामी देख्छौं भने अरू समयमा सो हामी देख्दैनौं। परमेश्वरले गर्नु हुने कामको बारेमा हामीसँग सबै जवाफ छ भन्ने छैन भनेर त्यसले के सिकाउँछ? चाहे हामीले बुझौं वा नबुझौं हामी विश्वासबाट जिउनुपर्छ भनेर हामीले कसरी सिक्ने?**

**उपसंहारः**

**थप जानकारीः** "स्वर्गका दूतहरूको सेवाकार्यको बारेमा अझ अर्को जानकारी प्रेरित १० अध्यायमा दिइएको छ। त्यहाँ उनको सक्रियतामा कसरी कर्नेलियस र उनका घरानाले येशूमा विश्वास गरे भनेर उल्लेख गरिएको छ। यो अध्याय (प्रेरित ८-१०) बराम्बार पढियोस् र त्यसतर्फ बिशेष ध्यान दिइयोस्। जब सुसमाचार प्रचार गरेर मानिसहरूलाई परमेश्वरतिर खिँच्ने काममा इसाईहरू सक्रिय हुन्छन् तब अरू कुनै कामहरूभन्दा त्यस काममा स्वर्ग तिनीहरूको नजिक हुन्छ **भनेर** सबैले देखून्। प्रत्येक मानिस प्राणीप्रति परमेश्वरको चासो छ भनेर पनि त्यसबाट सिकियोस्। यस संसारमा परमेश्वरको काम सम्पन्न गर्न प्रत्येक मानिस परमेश्वरको औजार भएको सबैले ठानून्।"-एलेन जी ह्वाइट, द एसडीए कमेन्टरी, ठेली ६, पृ. १०५९बाट रूपान्तरित।

"जब चर्चले प्रार्थना गर्छ तब परमेश्वरको काम अघि बढ्दछ र उहाँका शत्रुहरू बिलाएर जानेछन्। तर त्यसो भयो भन्दैमा चर्चले यातना र सहीदको सामना गर्नुपर्दैन भनेको होइन। सुसमाचारको बिजय पूर्णरूपमा वास्तविक छ र परमेश्वरको वचन बाँधेर बाँधिन्न भनेर लूकाले विश्वास गरेतापनि प्रभुका सेवकहरूले दुःख पाउनुपर्छ र सिक्रीको बन्धनमा पर्नु पर्ने सम्भावनाको विषयमा कसैले पनि आँखा चिम्लिनुहुन्न।"- हावार्ड मार्शन, द आक्टस् अभ द आपोस्टल्स (ग्रान्ड रापिडस्ः इरडमानस्, १९८०), पृ. २०६,२०७बाट रूपान्तरित।

**चिन्तनमननः**

**अ.** **"आफू र आफ्ना घरानाहरूसमेत गरेर भक्तिभाव भएको र परमेश्वरको डर मान्नेः अनि मानिसहरूलाई खुला हृदयले दान दिने र निरन्तररूपमा प्रार्थना गरिरहने" भनेर कर्नेलियसको बारेमा बताइएको छ (प्रेरित १०:२ रूपान्तरित)। कर्नेलियसको घरमा पत्रुस जानुभन्दा धेरै पहिला नै परमेश्वरको आत्माले काम गरिरहनुभएको थियो भनेर त्यसले प्रमाणित गर्दछ। उनको प्रार्थना गर्ने र भक्तको जीवनले गर्दा उनी सुसमाचारको निम्ति योग्य भएको के त्यसले बताउँछ ? त्यस कथाबाट हामीले कस्तो पाठ सिक्न सक्छौं?**

आ. यस अध्यायको दोस्रो भागमा सोधिएको प्रश्नको बारेमा फेरि सोच्नुहोस्। जुनसुकै सांस्कृतिक, जाति, सामाजिक र राजनैतिक परिवेशमा इसाईहरू रहनुपरेतापनि वा तनावहरूको सामना गर्नुपरेतापनि तिनीहरूप्रति पूर्वाग्रहले ग्रसित भएर आगोमा घिऊ थप्नुहुन्न भनेर कसरी सिक्ने? अर्थात् इसाईहरू संस्कार, संस्कृति, रंग, राजनैतिक वा जातियभावनाको पृष्ठभूमिभन्दा माथि उठ्न आवश्यक छ भनेर कसरी सिक्ने?

इ. पावलले जतिसुकै क्षति पुऱ्याएतापनि त्यसको नतिजा राम्रो भएको थियो। यरुशलेमबाट शरणार्थी भएर आउने यहूदीहरूले एन्टिओखियामा सुसमाचार प्रचार गर्न थालेका थिए। तिनीहरूले यहूदियाका यहूदी र ग्रीक तथा रोमी सभ्यतामा हुर्केका बिदेशी यहूदी अर्थात् हेलनिस्टिक यहूदीहरूलाई सुससमाचार प्रचार गरेका थिए। हामीले कष्ट भोग्नुपरेतापनि त्यसलाई परमेश्वरले आशिषको रूपमा परिणत गर्न सक्नुहुन्छ भनेर हामीले कसरी महसुस गर्ने?

ई. याकूब येशूको अत्यन्तै नजिकका चेलाहरूमध्येका एक थिए (मर्कूस ५:३७, ९:२:१४:३३)। तैपनि बाह्र जनामा उनी पहिला थिए जो सहीद हुनुपरेको थियो। परमेश्वरलाई विश्वास गरेर भक्तिको जीवन बिताएतापनि दुष्टहरूको हातबाट अन्याय सहनुपर्दो रहेछ भनेर बाइबलमा अरू कुनै कथाहरू छन् जुन तपाईंलाई थाहा छ? दुःखकष्टको बारेमा सोधिने प्रश्नहरूको जवाफमा परमेश्वरका जनहरूले सहनुपरेको कष्टहरूले कसरी जवाफ दिन्छ?

# कथा ६

## येशूले माझीहरूलाई पक्रनुहुन्छ

## कुरीखाराकिमियोशी, ३९ जापान

४८ वर्षको मेरो माझी साथी साडायुकीले बप्तिस्मा लिएको देखेर मेरो हृदय अत्यन्त खुशी भएको थियो। जापानको टुशिषमा भन्ने दुर्गम टापुमा उनले बप्तिस्मा लिएका थिए।

१५ वर्षको उमेरदेखि माछा समात्ने काम गरिरहेको मेरो साथीलाई येशूले भर्खर समात्नुभएको थियो। उसँग मेरो पहिलो भेट एउटा विशाल बजारनिर भएको थियो। जब मैले मेरो कार पार्क गर्दैथिएँ, त्यसबेला मकहाँ आएर उसले मसँग चुरोट मागेको थियो। म, मेरी श्रीमती र दुई साना छोरीहरूसँग जापानको सुशिमा टापुमा बस्दथैं। त्यो टापुमा ३०,००० मानिसहरू थिए। त्यो टापु जापानबाट दक्षिण कोरियातिरको समुद्रमा थियो। हामीहरू ग्लोबल मिसन पायोनियरहरू हौं। हामी मिसनमा जागिर खाएका नभएतापनि एक वर्ष प्रभुको काममा लाग्न स्वयँसेवक भएका थियौं। स्वयं प्रभुको बारेमा थाहा नपाएकाहरूकहाँ तिनीहरूकै रहनसहनमा रहेर सुसमाचार सुनाएर सङ्गति स्थापना गर्ने हामीहरूको काम हो। जब सातवर्ष अघि हामी त्यस दुर्गम टापुमा आइपुग्यौं तब त्यहाँ अरू कोही पनि सेभेन्थ-डे एडभेन्टिस्ट थिएनन्।

म कारमा बसिरहेको बेलामा साडुयुकी मेरो कारको झ्यालमा ढकढकाउन आयो। त्यसले मेरी छोरीहरूलाई तर्साइदिएको थियो। मैले तुरन्तै जवाफ दिएँ, “माफ गर्नुहोस्, मसँग चुरोठ छैन।" कसैले यस्तो खालको अनुरोध गऱ्यो भने म प्रायजसो यसरी नै नम्र भएर जवाफ दिन्थैं। तर त्यो अपरिचित मानिसको मुख अँध्यारो भयो र निराश देखियो। जब ऊ हामीबाट गयो तब मैले छोरीहरूलाई उसको निम्ति प्रार्थना गर्नुपर्छ भनें। प्रार्थना गरेपछि मैले सोचें, “मैले त्यस मानिसलाई एडभेन्टिस्ट पर्चा दिएँ भने के होला?" तर मसँग त्यसबेला कुनै पर्चाहरू थिएन। मसँग जे थियो त्यो अघिल्लो दिन बाँडेर सकिएको थियो। त्यसकारण फेरि केही पर्चा बाँकी होला कि भनेर प्रार्थना गरें। जब मैले आँखा खोलें तब एउटा पर्चा कारको भुईंमा परिरहेको देखें। मेरी छोरीले कुल्चेर त्यस पर्चा अलिकति च्यातिएको थियो। तर त्यहाँ भएको सामग्री पढ्न सकिन्थ्यो। त्यसकारण म मेरा दुई छोरीहरूको हात समातेर

त्यस अपरिचित मानिसकहाँ गएँ। जब हामीले त्यस मानिसलाई भेट्यौं तब बाइबलको एउटा पद याद आयो। एक जना माग्नेलाई पत्रुसले भनेको कुरा सम्झें, “मसँग सुनचाँदी छैन तर मसँग जेछ सो तिमीलाई दिन्छु" (प्रेरित ३:६)। उसलाई भेटेर मैले भनें, “माफ गर्नुहोस् मसँग चुरोठ छैन तर यो चाहीँ छ।" च्यातिएको पर्चा उसले लिन्छ कि लिँदैन सो मलाई थाहा थिएन। तर नहिचिकिच्याइकन त्यो पर्चा उसले लियो र म उभिरहेकै बेलामा उसले पढ्यो। उसले मलाई धेरै धन्यवाद दिएर भन्यो, “साँच्चै भन्ने हो भने नजिकको कुनै चर्च छ कि भनेर त्यहाँ जान चाहेको थिएँ। मेरो जीवनमा सबै आशा हराइसकेको छ र म निराशै निराशले भरिएकोछु। तर त्यस चर्चमा जानुभन्दा पहिले तपाईं मकहाँ आउनुभयो। त्यसको निम्ति धन्यवाद।"

जब मैले यो कुरा सुनें म त तीन छक्क परें। परमेश्वरकै अगुवाईमा हामीहरूको भेट भएको जस्तो लाग्यो। हरेक दिन बाइबल अध्ययन गर्न मकहाँ आउन मैले अनुरोध गरें। उसले केही खाएको छ कि छैन भनेर पनि सोधें। उसलाई हरेक दिन खान पनि दिन सक्थें। त्यो मानिसलाई आफू कोहुँ भनेर चिनाएपछि मेरो घरमा बाइबल अध्ययन गर्न आउन उसले मञ्जुर गऱ्यो।

साडुयुकी भोलिपल्ट आयो। तीन महिनासम्म हामीले सँगसँगै बाइबल अध्ययन गऱ्यौं। साडुयुकी नैराश्यता र मादक पदार्थसँग संघर्ष गरिरहेको मैले थाहा पाएँ। औषधीको मात्रा धेरै खाएर दुईपल्ट उसले आत्महत्या गर्न खोजेको थियो। तर दुवै पल्ट डाक्टरले उसलाई अचम्म तरिकाले बचाएको थियो। येशूको प्रेमको बारेमा थाहा नदिइकन उसलाई कहिल्यै पनि परमेश्वरले मर्न दिनुहुन्न भनेर मैलें भनें।

सन् २०१५मा साडुयुकीले बप्तिस्मा लियो। म र मेरो परिवार त्यस टापुमा भएको बेला बप्तिस्माद्वारा येशूलाई ग्रहण गर्ने तीन जनामा ऊ दोस्रो व्यक्ति थियो। उसले मादकपदार्थ खान छोड्यो र जाँडरक्सीले सताइरहेको अरूहरूलाई छोडाउने निकाय खोल्ने चाहना ऊ व्यक्त गर्दछ।

शिन्तो र बुद्ध धर्म मान्ने मानिसहरूलाई येशूको बारेमा सुनाउन नसक्दा कहिलेकाहीँ म र मेरी श्रीमती दिक्क हुन्थ्यौं। तर साडुयुकी र उसको हँसिलो मुहार देख्दा परमेश्वरको बाटो हामीहरूको होइन भनेर हामीलाई याद दिलाउँछ र जो मानिसले परमेश्वरलाई खोजिगरिरहेको हुन्छ, उहाँले हामीकहाँ ल्याउनुहुन्छ भन्ने कुरामा हामी ढुक्क हुनसक्छौं।

(यो कथा कारिहाराकिमीयोशीले आन्द्रु मेक्चिस्नेलाई बताएको हो। किमीयोशीले जसलाई किभ भनेर सम्बोधन गरिन्छ हवाई जहाज चलाउने लाइसेन्स पाएको छ। परमेश्वरको इच्छा भए हवाईजहाज चलाएर उहाँको गवाही हुन चाहिरहेको छ। उनी हवाई जहाजसँग अहिले पनि खेलिरहेका हुन्छन्। उनको बारेमा *bit.ly/childrensmission*
हेर्नसकिन्छ।

## जापानको बारेमा जानकारीः

-जापानीहरू मासु कमै खान्छन् तर धेरै सागसब्जी, माछा र भात खान्छन्। दुध जन्य पदार्थ र अलिकतिमात्र चिल्लो खाना मानिसको निम्ति अत्यन्त पौष्टिक छ। त्यसैकारण अरू देशहरूमा भन्दा जापानीहरू धेरै वर्ष बाँच्दछन्।

-सुमो वा कुष्ती खेल्ने चलन जापानको राष्ट्रिय खेल हो। त्यो कुष्ती जित्न आफ्नो विरुद्धमा लड्नेलाई खुट्टाबाट बाहेक शरीरको कुनै अर्को भागबाट भुइँमा लडाउनुपर्दछ।

-सन् १५४९मा जापानमा जेसुइट मिसनले इसाई धर्मको चिनारी दिएका थिए। अहिले २.३ प्रतिशत इसाईहरू छन्।

-जापानमा ९७वटा सेभेन्थ-डे एडभेन्टिस्ट चर्चहरू छन्। त्यहाँ १५:१५१ चर्च सदस्यहरू छन्। त्यहाँको जनसंख्या १२५,३१०,००० छ। त्यसको अर्थ प्रत्येक ८,२७० जापानीहरूमा केवल एक जना एडभेन्टिस्ट भएको देखाउँछ।